बागमती प्रदेश सभा

# शिक्षा, स्वास्थ्य तथा कृषि समिति

## पाँचौ वार्षिक प्रतिवेदन, २०८१




शिक्षा, स्वास्थ्य तथा कृषि समितिको सचिवालय

हेटौंडा, नेपाल

बागमती प्रदेश सभा

# शिक्षा, स्वास्थ्य तथा कृषि समिति

# पाँचौ वार्षिक प्रतिवेदन, २०८१

शिक्षा, स्वास्थ्य तथा कृषि समितिको सचिवालय

हेटौंडा, नेपाल

# शिक्षा, स्वास्थ्य तथा कृषि समितिका माननीय सदस्यहरु



**सभापति**
मा.ठाकुर प्रसाद ढकाल



**सदस्य**
मा.इश्वर सापकोटा



**सदस्य**
मा.उत्तम जोशी



**सदस्य**
मा.उर्मिला कुमारी लामा



**सदस्य**
मा.गिता गुरुङ्ग



**सदस्य**
मा.छेत्र बहादुर बम्जन



**सदस्य**
मा.तिर्थ बहादुर लामा



**सदस्य**
मा.बिन्दु श्रेष्ठ



**सदस्य**
मा.मिना पराजुली पोखरेल.



**सदस्य**
मा. रघुनाथ महर्जन



**सदस्य**
मा.राजु विष्ट



**सदस्य**
मा.रामकुमार पहाडी



**सदस्य**
मा.शकुन्तला श्रेष्ठ



**सदस्य**
मा.शुष्पा भुजेल न्यौपाने



**सदस्य**
मा.समिता खड्गी



**सदस्य**
मा.सुनिल के.सी.



**सदस्य**
मा.सुरेश श्रेष्ठ




**सदस्य**
मा.श्रृजना सायजु



**सदस्य**
मा.हरि प्रसाद सापकोटा



**समिति सचिव**
हिमा न्यौपाने



# भूमिका

प्रदेश सभा नियमावली, २०७४ बमोजिम प्रदेश सरकारलाई प्रदेश सभा प्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतका लागि प्रदेश सभामा संविधानको धारा १९३ बमोजिम गठित विभिन्न समिति मध्ये शिक्षा, स्वास्थ्य तथा कृषि समिति पनि एक हो। प्रदेश सरकारले पेश गरेको विधेयक, सरकारको निति तथा वार्षिक कार्यक्रम, प्रदेश सरकारको बजेट तथा प्रदेश सरकारले प्रत्यायोजित व्यवस्थापन अन्तर्गत तर्जुमा गरेको नियमावली, निर्देशिका, कार्यविधिहरु एवं सरकारको कार्यक्रमहरुलाई समितिहरुले संविधान तथा ऐन बमोजिम छ छैन हेर्ने, संशोधन गर्ने र समितिहरुमा जिम्मेवार व्यक्तिहरुलाई उपस्थित गराएर छलफल गर्ने र आवश्यक राय सल्लाह, सुझाव वा निर्देशन दिन सक्ने भएकोले समितिहरुलाई Mini Parliament समेत भनेर चिनिन्छ। यस समितिमा प्राप्त भएका विधेयकहरु माथि सरोकारवालाहरुसँग तथा विज्ञहरुसँग अन्तरक्रिया कार्यक्रम संचालन गर्ने गरिएको छ। तत्पश्चात विधेयकमाथि दफावार छलफल हुने गरेको, दफावार छलफलमा संशोधन पेश गर्नुहुने माननीय सदस्यहरुलाई बैठकमा उपस्थित गराउने गरिएको छ। विधेयकको उद्देश्य, नीति र लक्ष्य प्राप्तिका लागि सरोकारवाला एवं सर्वसाधारण जनताको समेत भावना समेटिने गरी समितिले हालसम्म ......... वटा संशोधन विधेयक समेत गरी .......... वटा विधेयक पारित गरेको छ।संविधानत विकास निर्माणको कार्य प्रत्यक्ष रुपमा

सरकारसँग सम्बन्धित विषय हो। प्रदेशको विकास निर्माणको कार्य, मन्त्रालय अन्तर्गतका जिल्ला स्थित सेवा कार्यालयहरुले प्रवाह गरेका सेवाहरु सुशासन सहित, निष्पक्ष र विवादरहित ढंगले तथा समयमानै सहज रुपमा कार्यान्वयन गरिएको छ वा छैन भन्ने विषयमा निगरानी राख्ने सार्वभौम जनताको प्रतिनिधिमूलक संयन्त्र प्रदेश सभा भएको र सोही प्रयोजनको लागि प्रदेश सभाले यो समिति गठन गरेको हो। समितिले आफ्नो कार्य सम्पादनको क्रममा सरकारले सुरु गरेको विकास निर्माणको कार्यमा, सरकारले उपलब्ध गराउने सेवा सुविधामा तथा समय समयमा परिस्थितिजन्य अन्य आवश्यक कार्यमा र समितिले अध्ययन अनुगमन गरी सरकारलाई आवश्यकता अनुसार निर्देशन, राय वा सल्लाह, सुझाव दिने कार्यमा समेत यो समिति सदैव सक्रिय रहेको छ र आगामी दिनहरुमा अझ सक्रिय हुने विश्वास दिलाउन चाहान्छु।

समितिले गरेका काम र दिनु पर्ने सुझावहरु प्रतिवेदनमा विस्तृत रुपमा राखिएको छ। यहाँ म मुख्य मुख्य कुराहरु वाचन गर्ने अनुमती चाहान्छु नेपालको संविधानले समृद्ध नेपाल सुखि नेपाली बनाउने उदेश्यका साथ समाजवादको आधार निर्माण गर्ने लक्ष्य लिए बमोजिम पारदर्शिता, जवाफदेहिता र संघीयताको संस्थागत विकासको लागि प्रदेश सरकारलाई उचित ऐन, नियम र कार्यक्रम कार्यान्वयन गर्न समितिले आफ्नो भूमिका खेलिरहेकै छ।

समितिले आफ्नो आन्तरिक कार्यविधि २०८० बनाई सोहि अनुसार समितिको बैठक तथा अन्य कार्यहरु गर्ने गरिएको छ।

यस आ.व.मा समितिमा विज्ञान प्रविधि नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश स्वास्थ्य सेवा ऐन,२०७५ लाई संसोधन गर्न बनेको विधेयक गरी ३ वटा विधेयक समितिमा प्राप्त भएको छ।हामीले अझ धेरै कानुनहरु तर्जुमा गर्नुपर्ने देखिन्छ। आवश्यक कानून तर्जुमाको लागि सरकारले पहलकदमी लिनुपर्ने देखिन्छ।

समितिले हालसम्म गरेका कार्यहरु, मन्त्रालय र मन्त्रालय अन्तर्गतका निकायहरुबाट प्राप्त विवरण र अध्ययन अनुगमनको आधारमा यो प्रतिवेदन तयार गरी प्रदेश सभामा पेश गर्ने निर्णय भए अनुसार यो प्रतिवेदन पेश गरेको छु। यो प्रतिवेदनले प्रदेश सरकारलाई योजना तर्जुमामा सहयोग पुग्ने विश्वास लिएको छु।

समितिको बैठकमा सक्रियताका साथ भाग लिई समितिको कार्य सम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने समतिका माननीय सदस्यहरुको उच्च प्रशंसा गर्दछु। यस अवधिमा प्रदेश सभाका माननीय सभामुख र माननीय उपसभामुखबाट आएका राय सुझावको लागि आभार प्रकट गर्दछु।यस समितिको आमन्त्रणमा प्रत्यक्ष उपस्थित भएर वा अप्रत्यक्ष रुपमा समेत समितिले मागेको विवरणहरु उपलब्ध गराई सहयोग गर्नु हुने प्रदेश सरकारका सम्बन्धित मन्त्रालय, विभाग एवं निकायका पदाधिकारी, प्रदेश सभाका सचिव तथा समितिका सचिव लगायतका सम्पूर्ण कर्मचारीहरु र समितिको कामकारवाहीको विषयमा आम नागरिकलाई सुसूचित गर्ने सञ्चार जगतलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु।

**मितिः २०८१ जेठ ३१**

**मा.ठाकुर प्रसाद ढकाल**
**सभापति**
**शिक्षा, स्वास्थ्य तथा कृषि समिति**
**बागमती प्रदेश सभा**

# विषय सूची

## परिच्छेद—१
## पृष्ठभूमि

१.१ विषय प्रवेश ........................................................................................... १
१.२ शिक्षा, स्वास्थ्य तथा कृषि समिति ............................................................ १
१.३ समितिको कार्यक्षेत्र............................................................................................
१.४ समितिको संरचना...........................................................................................
१.५ अध्ययन विधि ...............................................................................................

## परिच्छेद २

२.१ समितिको शिक्षा, स्वास्थ्य तथा कृषि सम्बन्धी दृष्टिकोण .................................
२.२ समितिले देखेका चुनौतिहरु ...........................................................................
२.३ समितिले हालसम्म गरेको कामहरुको संक्षिप्त विवरण ....................................
२.४ शिक्षा, स्वास्थ्य तथा कृषि समितिको बैठकको निर्णयहरु...................................
२.५ समितिको निर्णय / निर्देशनहरुको कार्यान्वयनको अवस्था ..............................

## परिच्छेद ३
## निश्कर्ष र सुझाव

३.१ निश्कर्ष ........................................................................................................
३.२ सुझावहरु .......................................................................................................

## अनुसूचीहरु

अनुसूची—१ ..........................................................................................................
समितिका माननीय सदस्यहरुको नामावली
अनुसूची—२ ..........................................................................................................
समितिबाट भएका निर्णयहरु
समितिको सचिवालयमा कार्यरत कर्मचारी विवरण
अनुसूची-३ ..........................................................................................................
समितिका सदस्यहरुको बैठकमा सहभागिता
अनुसूची—४ ..........................................................................................................
समितिबाट पारित विधेयकका प्रतिवेदनहरु
अनुसूची—५ ..........................................................................................................
स्थलगत निरीक्षण तथा अनुगमन प्रतिवेदनहरु
अनुसूची—६ ..........................................................................................................
विधेयकको मस्यौदा उपर अन्तरक्रिया कार्यक्रमका तस्बिरहरु

# परिच्छेद-१

# पृष्ठभूमि

## १.१ विषय प्रवेशः

विकास भन्नाले साविकको अवस्थाबाट सकारात्मक उपलब्धि सहित अगाडि बढ्ने प्रक्रिया हो। हाम्रो सन्दर्भमा विकासले लक्षित गरेका प्रमुख तीन उद्देश्यहरु नागरिकको आधारभूत आवश्यकताहरु परिपूर्ति गर्नु, उनीहरुको जीवनस्तर उठाउनु र जनताको आर्थिक क्रयशक्ति बढाउनु हो। कुनै पनि देश विकसित हुन त्यस देशका जनताको प्रति व्यक्ति आय (Per Capita Income) औसत आयु, जीवनस्तर र राष्ट्रको बार्षिक आयलाई हेरिन्छ। हरेक क्षेत्रको एउटा सुनिश्चित वृद्धिलाई नै विकास भन्न सकिन्छ।



नेपाल एक कृषि प्रधान मुलुक हो। यस कृषि पेशामा अधिकांश मानिसहरु निर्भर रहेकोले नेपालमा सर्वप्रथम कृषि क्षेत्रको विकास हुनु जरुरी छ। त्यस्तै गरेर शिक्षा, स्वास्थ्य र अन्य क्षेत्रको विकास हुनु पनि त्यतिकै जरुरी छ। नेपालमा सर्वप्रथम वि.स. २०१३ सालबाट पञ्चवर्षिय योजना शुरु भएको हो। हरेक योजनामा कृषि, स्वास्थ्य, शिक्षा क्षेत्रको विकासको लागि योजनाको खाका तयार भए तापनि आशातित सफलता प्राप्त गर्न नसकिरहेको परिप्रेक्ष्यमा हामी पन्ध्रौं पञ्चवर्षीय योजना चरणमा छौं। नेपालको संविधानले संघीय लोकतन्त्र सहितको गणतान्त्रिक व्यवस्थालाई अंगिकार गरिसकेपछि स्थानीय तह हुँदै प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचनद्धारा प्राप्त राजनैतिक उपलब्धिलाई संस्थागत गर्दै नियन्त्रण र सन्तुलनको आधारमा प्रदेश सभाभित्र विभिन्न विषयगत समितिहरुलाई कार्यान्वयनमा ल्याइएको छ।

## १.२ शिक्षा, स्वास्थ्य तथा कृषि समिति

प्रदेश सभाको कामकारबाहीलाई चुस्त, दुरुस्त र यसको प्रभावकारिता वृद्धि गर्ने उद्देश्यका साथ संसद भित्रैबाट सभाको अभिन्न अंगको रुपमा स्थापित संयन्त्र नै संसदीय समितिहरु हुन्, जसलाई Mini Parliament को रुपमा समेत परिभाषित गरिएको छ। प्रदेश सभाले सम्पन्न गर्नुपर्ने महत्वपूर्ण, गहन र जटिल कार्यहरु प्रदेश सभाको सदनमा हुने सिमित र औपचारिक छलफल, प्रश्नोत्तर र सरकारी आश्वासनबाट मात्र पूरा हुन सक्दैनन् र प्रदेश सभाको भूमिकामा वस्तुपरक, यथार्थपरक र निर्णायक बनाई जीवन्त राख्न तथा प्रदेश सभाको कार्य बोझलाई कम गर्न प्रदेश सभाको भूमिकामा प्रतिकूल नहुने गरी जिम्मेवारी वहन गर्न यस्ता संसदीय समितिहरु गठन भएका छन्।

प्रदेश सभामा प्रवेश गरेको कुनै पनि विषयहरु यस्ता संसदीय समितिहरुमा व्यापक र गहन छलफल हुने, दलीय निर्देशन तथा मतभेदहरु नहुने, विषय विज्ञहरुको उपस्थितिमा छलफल तथा बहस भई निर्णयमा पुग्न सकिने हुँदा यस्ता समितिहरुको भूमिकाले प्रदेश सभालाई बढी जिम्मेवार र उत्तरदायी बनाउँछ। यस्ता समितिहरु जनतासँग निकट सम्बन्ध राख्ने हुँदा प्रदेशको वास्तविक अवस्था, जनताका सरोकारका विषयहरु, माग र आवश्यकता, सरकारले संचालन गरेका विकास निर्माण तथा सेवा सुविधा, प्रदेशको समग्र आर्थिक अवस्थाको बारेमा प्रत्यक्ष जानकार रहेका हुन्छन्। प्रदेशको आर्थिक तथा सामाजिक विकास गरी दिगो विकास लक्ष्य हासिल गर्न र जनताका आधारभूत आवश्यकताहरु पूरा गर्दै **"समृद्ध नेपाल सुखी नेपाली"** को राष्ट्रिय संकल्पलाई सार्थक परिणाममा पुर्‍याउन प्रदेशको क्षेत्र भित्र हावापानी, माटो, सुहाउँदो बालीनाली लगाउन प्रोत्साहन गर्नुपर्ने, मल बीउ विजन सिंचाईको समयमै व्यवस्थापन हुनु पर्ने, सहकारीको नियमन हुनु पर्ने, प्राविधिक शिक्षालयहरु खोल्न पर्ने र सर्वसुलभ तरिकाले औषधोपचारको व्यवस्था लगायत सभावाट पारित भएका कानूनहरुको अक्षरश पालना हुनु पर्ने देखिन्छ। समितिहरुमा जनप्रतिनिधिहरुको प्रतिनिधित्व हुने तथा विभिन्न विषयका विज्ञहरुसंगको छलफल र विचार विमर्श तथा समिति आफैले अनुगमन र अध्ययन गरी तयार गरेको प्रतिवेदनले प्रदेशको कृषि, शिक्षा, स्वास्थ्य तथा सहकारी क्षेत्रको

विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सकिन्छ। यस्ता समितिहरुले कार्यपालिकाबाट सम्पादित हुने सबै कार्यहरुको नियमित अनुगमन गर्ने, अनियमित कार्यको लेखाजोखा गर्ने, छानविन, अध्ययन, अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने, समितिका कार्य क्षेत्र भित्रका मन्त्रालयले आफ्नो दायित्व पूरा गरेको छ, छैन हेर्ने, प्रदेश सभाबाट पारित नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन केलाउने र कानून निर्माणको क्रममा प्रदेश सभालाई बढी भन्दा बढी प्रभावकारी बनाउने, प्रत्यायोजित अधिकार अन्तर्गत बनेका नियमावली, निर्देशिका ऐनको उद्धेश्य अनुरुप छ छैन हेर्ने र सरकारको तर्फवाट पेश भएका लिखित तथा मौखिक सरकारी आश्वासनहरु पुरा भएको नभएको हेर्ने महत्वपूर्ण भूमिका समितिहरुको रहेको हुन्छ। मन्त्रालयहरुवाट कानूनको पालना भए नभएको, जवाफदेहिता र पारदर्शिताको विषय समेत मूल्याङ्कन गर्ने कार्य समेत समितिको दायित्व भित्र पर्दछ।

शिक्षा, स्वास्थ्य तथा कृषि समितिको कार्यक्षेत्र, प्रदेशको समग्र कृषि, शिक्षा र स्वास्थ्यसँग सम्बन्धित छ। तसर्थ प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी बनाउने र आफ्नो कार्य क्षेत्रभित्रका निकायहरुको क्रियाकलापमा पारदर्शिता, जवाफदेहिताका साथै परिचालनका लागि यसले निम्न लिखित भूमिकाहरु निर्वाह गर्दछ।

- मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरु यससंग सम्वन्धित क्रियाकलापको मूल्याङ्कन गरी सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिश र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने।
- मन्त्रिपरिषद्का सदस्यहरुले प्रदेश सरकारको तर्फवाट बैठकमा समय समयमा दिएका आश्वासनहरुलाई पूरा गर्न प्रदेश सरकारद्वारा के कस्ता कदमहरु उठाइएका छन् सो सम्वन्धमा अध्ययन गरी सम्वन्धित निकायहरुलाई आबश्यक निर्देशन दिने र सभाको बैठकमा प्रतिवेदन पेश गर्ने।

- विषयसंग सम्वन्धित सरकारी निकायको सार्वजनिक सम्पतिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र प्रतिवेदन पेश गर्ने।
- प्रदेश सरकारद्वारा प्रचलित ऐन नियम अनुरुप भए गरेका कामकारवाही वारे छलफल गरी सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने।
- प्रदेश सरकारद्वारा समय समयमा गठन हुने छानविन आयोग र समितिहरुद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्वन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने।
- मन्त्रालय, विभाग र अन्य निकायहरुवाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्वन्धमा आवश्यक निर्देशन दिने।
- बैठकले सुम्पेको अन्य काम गर्ने।

## १.३ समितिको कार्यक्षेत्र

बागमती प्रदेशको, प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ को उपनियम (१) बमोजिम प्रदेश सभामा ५ वटा विषयगत समितिहरु रहने प्रावधान बमोजिम शिक्षा, स्वास्थ्य तथा कृषि समिति गठन भएको छ। यस समितिको कार्य क्षेत्रभित्र सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय रहेका छन्। यस समितिले आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय र निकायसँग सम्बन्धित प्रत्यायोजित व्यवस्थापन, सरकारी आश्वासन, विधेयक उपर दफावार छलफल तथा समयसापेक्ष अन्य आवश्यक विषय र सरकारले गरेका काम कारवाहीको अध्ययन अनुगमन गरी सो सम्बन्धी प्रतिवेदन सभामा पेश गर्ने व्यवस्था गरिएको छ। मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र यससँग सम्बन्धित क्रियाकलापहरुको मूल्यांकन सम्बन्धमा र सभावाट प्रत्यायोजित गरिएको प्रत्यायोजित व्यवस्थापन अधिकार अन्तर्गत बनेका नियमावली, निर्देशिका र कार्यविधि सम्वन्धमा, मन्त्रिपरिषदका सदस्यहरुले प्रदेश सरकारको तर्फबाट बैठकमा समय समयमा दिएका आश्वासनहरुलाई प्रदेश सरकारद्वारा पूरा भएको वा नभएको तथा सरकारको काम कारवाही सम्वन्धमा अध्ययन अनुगमन गरी तयार गरिएको

प्रतिवेदनमा औल्याइएको विषयवस्तु सम्बन्धित निकायलाई कार्यान्वयन गर्न आवश्यक निर्देशन, राय सल्लाह समेत दिन सक्ने व्यवस्था गरिएको छ।

## १.४ समितिको संरचना

प्रत्येक विषयगत समितिमा सभामुखले कार्य व्यवस्था परामर्श समितिको परामर्शमा प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम बढीमा २२ जना सदस्यहरु मनोनीत गर्न सकिने व्यवस्था रहेको छ। प्रदेश सभाको सचिव प्रत्येक समितिको पदेन सचिव हुनेछ र सचिवले आफू मातहतको अधिकृतलाई समितिको सचिवको कार्य गर्न तोक्न सक्ने व्यवस्था समेत नियमावलीले गरेको छ। हाल शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा सभापति सहित १९ जना माननीयहरु सदस्य रहनु भएको छ। समितिलाई प्रशासकीय एवं व्यवस्थापकीय सहयोग गर्न एक समिति सचिवालय रहेको छ। यस सम्बन्धी विस्तृत विवरण अनुसूची १ मा उल्लेख गरिएको छ।

## १.५ अध्ययन विधि

प्रदेश सभा नियमावली, २०७४ को नियम १५८ बमोजिम प्रत्येक विषयगत समितिले आफ्नो वार्षिक प्रतिवेदन प्रदेश सभा बैठकमा पेश गर्नु पर्ने व्यवस्था गरेको छ।यो प्रतिवेदन यस समितिको पाँचौ प्रतिवेदन भएको व्यहोरा अवगत गराउँदछौं। यस समितिले विषयगत मन्त्रालयहरुको काम कारबाहीलाई लिएर तथा परिस्थितिजन्य उत्पन्न भएको विषयमा तथा अन्य आवश्यक कार्यहरुलाई लिएर समय समयमा आवश्यक निर्देशनहरु समेत दिने गरेको छ।विषयगत मन्त्रालयहरुको जिल्ला स्थित सेवा कार्यालयहरु समयमा नै स्थापना नहुनु, भएका विषयगत कार्यालयहरुमा समायोजनका कारण पर्याप्त जनशक्तिको अभावले कार्यक्रममा प्रस्तावित योजनाहरुको वास्तविक अवस्थाको चित्रण गर्न सकिएन।

# परिच्छेद २

## २.१ समितिको शिक्षा, स्वास्थ्य तथा कृषि सम्बन्धी दृष्टिकोण

संसदीय व्यवस्थाको सुन्दर पक्ष भनेको संसदबाट बजेट पास नगरी खर्च गर्न नपाउने, कर तथा राजस्व पनि प्रदेश सभाबाटै सो सम्वन्धी ऐन पारित गरेर मात्र उठाउन पाउने व्यवस्था छ। बागमती प्रदेश सभा अन्तर्गत गठन भएको शिक्षा, स्वास्थ्य तथा कृषि समितिले प्रदेश सरकारको नीति तथा कार्यक्रमहरु र सो नीति तथा कार्यक्रमलाई कार्यान्वयनको लागि छुट्याइएको बजेट सम्वन्धमा विस्तृत छलफल गरी सम्वन्धित निकायलाई मार्ग निर्देश गर्ने अभिन्न अंग मध्येको एक हो। सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग सम्बन्धित प्रदेश सरकारका कार्यक्रमहरु र विनियोजित बजेट प्रदेश सभाबाट पारित भै कार्यान्वयनको चरणमा प्रवेश गर्ने परिपाटी भए पनि प्रदेश नीति तथा योजना आयोगले प्रस्तावित गरेका नीति तथा आवधिक योजना तथा कार्यक्रमहरु पनि प्रदेश सभामा छलफलको विषय बनाई जाने परिपाटी अवलम्बन गर्न वाञ्छनीय हुन्छ। परियोजना बैंकमा प्रविष्ट हुने योजनाहरुको विश्लेषण गरी वर्गीकरण गर्ने र क्रमिक रुपमा सम्बोधन गर्ने प्रणालीको शुरुवात गरी आवधिक योजनाहरुमा समावेश गर्ने र वर्षको अन्त्यमा गरिने रकमान्तरलाई समेत विषयगत समितिमा छलफल गर्नुका साथै प्रदेश सभामा समेत छलफलको विषय बनाउनु उपयुक्त हुन्छ। सरकारले कार्यक्रम एवं आयोजना प्रस्ताव गर्दा समग्र प्रदेशको आर्थिक तथा सामाजिक क्षेत्रमा पार्ने सकारात्मक प्रभावको मूल्यांकन गर्नु पर्दछ र साथै कार्यान्वयनको पनि सुनिश्चित गरिनु पर्दछ। आयोजना एवं कार्यक्रम छनौट गर्दा प्रत्येक निर्वाचन क्षेत्र स्तरीय ठूला, मझौला र साना योजनाहरुलाई प्राथमिकीकरण गरी समानुपातिक बजेट वितरण प्रणालीलाई अवलम्बन गरिनु पर्दछ। संघ, प्रदेश र स्थानीय सरकारले प्रस्ताव गरेका शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, फलफूल, तरकारी खेती एवं विकास सम्वन्धी आयोजना एवं कार्यक्रमहरुमा दोहोरोपना हुनु हुँदैन। स्थानीय स्रोत र साधनको अधिकतम उपयोगितामा ध्यान दिन पर्दछ। आवश्यकताका आधारमा आयोजना एवं कार्यक्रम

छनौट गर्दा हावापानी, भूगोल, जनसंख्या, मानव विकास सूचकांक र कार्यान्वयनको सहज पक्षलाई छनौटको आधार बनाइनु उपयुक्त हुन्छ।

"विकासमा ऐक्यवद्धता, राजनीतिमा प्रतिस्पर्धाको नीतिलाई राजनीतिक संस्कारको रुपमा विकास गरिनु पर्दछ। प्रदेश सरकारबाट स्थानीय तहलाई पठाइने विभिन्न किसिमका अनुदानहरुको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन जरुरी देखिन्छ। शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, फलफूल, तरकारी खेती एवं विकास सम्वन्धी आयोजना एवं कार्यक्रम कार्यान्वयन गर्न स्पष्ट नीति नियमको खाँचो, कर्मचारीहरुको अभाव, समयमै कार्यक्रम तथा अख्तियारी नपुग्नु तथा प्रक्रिया पुऱ्याउन पर्ने वाध्यता मुख्य अवरोध रहेका छन्। नेतृत्वले यो कुरालाई समयमै मनन गरी यस्ता अवरोधहरु हटाई कार्यान्वयन पक्षमा सुधार गर्न आवश्यक छ। राज्यको स्रोतले मात्र शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, फलफूल, तरकारी खेती एवं विकास सम्वन्धी आयोजना एवं कार्यक्रम कार्यान्वयन गर्न नसकिने हुंदा विकासमा सार्वजनिक - निजी - साझेदारी (PPC model), सार्वजनिक निजी - सहकारी (PPC model), संघ - प्रदेश साझेदारी, प्रदेश - स्थानीय साझेदारी तथा संघ - प्रदेश - स्थानीय तह साझेदारीका योजनाहरुलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गरिनु पर्दछ।

कार्यान्वयन चरणमा रहेका शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, फलफूल, तरकारी खेती एवं विकास सम्वन्धी आयोजना एवं कार्यक्रमहरुलाई सालबसाली, क्रमागत तथा बहुवर्षीय योजनाका रुपमा निश्चित अवधिमा सम्पन्न हुने आधारमा बजेट विनियोजन गर्ने व्यवस्था गर्नु पर्दछ।

## २.२ समितिले देखेका चुनौतिहरु

शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, फलफूल, तरकारी खेती एवं विकास सम्वन्धी आयोजना एवं कार्यक्रम कार्यान्वयन गरी कृषिमा आत्मनिर्भर हुनु तथा कृषिमा हुने आयातलाई विस्थापित गर्नु आफैमा जटिल र चुनौतिपूर्ण छ। विगतमा भएका प्रयासहरु र राज्यले लिएको यस सम्वन्धी नीतिहरुले लक्ष्यमा पुगेको देखिदैंन। प्रदेश सरकारको यो नौलो अनुभव भए तापनि विगतमा भएका शिक्षा, स्वास्थ्य,

कृषि, पशुपालन, फलफूल, तरकारी खेती एवं विकास सम्वन्धी आयोजना एवं कार्यक्रम सम्वन्धी विकासका गतिविधिहरुलाई मध्यनजर राख्दा र परिवर्तित अवस्थामा समेत समय सापेक्ष सुधारमा आएको सुस्ततालाई ध्यानमा राखेर समितिले केही विकासका चुनौतिहरुलाई औल्याईएको छ -

- गुणस्तरीय र दिगो विकासको अवधारणा बन्न नसक्नु,
- चुस्त कर्मचारीतन्त्रको अभाव,
- सहि तथ्याङ्क नहुनु,
- प्रदेश सभाका सदस्यहरुलाई विकास निर्माणको कार्यमा सरिक गराउन पर्याप्त समन्वय नहुनु,
- राजनीति पहुँचको आधारमा विकास निर्माण योजना तर्जुमा हुनु,
- स्थानीय स्रोत र साधन परिचालनको ठोस नीति नहुनु,
- समय सापेक्ष प्रविधिको प्रयोग नगरिनु,
- विकासलाई उत्पादनसँग जोड्न नसक्नु,
- साझा उत्तरदायित्वको भावना नहुनु,
- मूल्यांकन तथा अनुगमन प्रणाली व्यवस्थित नहुनु,
- विकास निकायहरुवीच समन्वय नहुनु,
- विकासलाई सामाजिक न्यायसँग जोड्न नसक्नु,
- कार्यान्वयन पक्ष फितलो हुनु,
- राजनीति केवल राजनीतिका लागि मात्र होइन, राजनीति विकासका लागि हो भन्ने भावना कार्यशैलीमा नदेखिनु,
- संविधान र दस्तावेजहरुमा लेखे बमोजिम कार्यान्वयनमा विगतका कार्यशैलीमा सुधार नआउनु,
- स्पष्ट दृष्टिकोण नहुनु,
- कर्मचारीको अभाव,

## २.३ समितिले हालसम्म गरेको कामहरुको संक्षिप्त विवरण

संविधानको धारा १९३ तथा प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन र विभिन्नन मन्त्रालय एवं निकायहरुबाट भए गरेका काम कारवाहीको अनुगमन र मुल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतका लागि प्रदेश सभामा मिनी सांसदको रुपमा विषयगत समितिहरु गठन भएका हुन। यस क्रममा शिक्षा, स्वास्थ्य तथा कृषि समिति पनि मिति ............................ मा गठन भएको थियो। दोस्रो कार्यकालमा समिति गठन अवधि देखि हालसम्म समितिले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित र समसामायिक विषयहरुमा गरी कूल १७ (सत्र) बैठकहरु बसी प्रदेश सरकार तथा सम्बन्धित मन्त्रालयहरुलाई मार्ग निर्देशन गर्ने कार्य गरेको छ। आवश्यकता अनुसार उपसमिति गठन गर्न सकिने प्रावधान भएकोले समितिले समय समयमा उपसमिति गठन गरेको छ। कानून निर्माण समेत समितिको कार्यक्षेत्र रहेको सन्दर्भमा यस शिक्षा, स्वास्थ्य तथा कृषि समितिले आफ्नो कार्यक्षेत्र भित्र परेका विधायिकी कार्य समेत गर्दै आएको छ।

### विधायिका कार्य अन्तर्गत समितिमा हालसम्म दफावार छलफल भएका विधेयकहरुको विवरण

१. विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२. प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०८०

३. प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

### गैर विधायिका कार्यः

समितिले आफ्नो कार्य सम्पादनमा आवश्यकता अनुसार माननीय मन्त्री तथा सचिव र प्रदेश सरकारी निकायका कर्मचारीहरुलाई बैठकमा आमन्त्रण गरी आवश्यक निर्देशन, राय सुझावहरु दिने काम गरेको छ।

## २.४ शिक्षा, स्वास्थ्य तथा कृषि समितिको बैठकको निर्णयहरु

| बैठक संख्या | मिति | समितिले गरेका कार्यहरू/ निणर्यहरू |
|---|---|---|
| १ | २०८०/०५/१९ | १. परिचय कार्यक्रम सम्बन्धमा :- बागमती प्रदेश सभाको मिति २०८० असार १२ गते बसेको सभा बैठकबाट २० जना सदस्य रहेको शिक्षा, स्वास्थ्य तथा कृषि समितिको गठन भएकोमा सो समितिको पहिलो बैठक आज बसेकोले आजको बैठकमा सदस्यहरुको परिचयात्मक कार्यक्रम सम्पन्न गर्ने र आमन्त्रीत अतिथीहरु प्रति समय प्रदान गरी मन्तव्य राखी दिनु भएकोमा आभार प्रकट गर्ने निर्णय गरियो।<br>२.शिक्षा, स्वास्थ्य तथा कृषि समितिको कार्यविधि, २०८० सम्बन्धमा :- यस शिक्षा, स्वास्थ्य तथा कृषि समितिको आजको बैठकमा समितिको सचिवालयबाट प्रस्तावित मस्यौदा कार्यविधीमा सामान्य छलफल हुँदा समितिका सदस्यहरुबाट प्रस्तावित मस्यौदा कार्यविधि विस्तृत अध्ययन गर्न समय माग गर्नु भएकोले सो मस्यौदा कार्यविधि सदस्यहरुबाट अध्ययन भई आएपछी आगामी बैठकबाट क्रमशः दफावार छलफल गरी पारित गर्ने निर्णय गरियो।<br>३.शोक प्रस्ताव सम्बन्धमाः- यस शिक्षा, स्वास्थ्य तथा कृषि समितिको आजको बैठकबाट प्रदेश सभाका पूर्व माननीय डा. राजाराम कार्की प्रति निम्नानुसारको शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो।<br>शोक प्रस्ताव<br>"प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा नेपाली काङ्ग्रेस दलबाट बागमती प्रदेश सभा सदस्यमा निर्वाचित भई यस समितीका तत्कालिन सदस्य पूर्व माननीय डा.राजाराम कार्कीको ६६ बर्षको उमेरमा क्यान्सर रोगको उपचारका क्रममा वीर अस्पताल, काठमाण्डौमा मिति २०८० साल भाद्र ६ गते बुधबारका दिन असामयिक निधन भएकोमा यस समिति गहिरो दुःख व्यक्त गर्दछ। साथै यस दुःखको घडीमा पूर्व माननीय डा.राजाराम कार्की प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछ।"<br>४.समितिको आगामी बैठक सम्बन्धमा :- यस शिक्षा, स्वास्थ्य तथा कृषि समितिको अर्को बैठक समितिका जेष्ठ सदस्य तथा आजको बैठकका सभापती माननीय मिना पराजुली पोखरेलले सचिवालयसँगको समन्वय गरी मिति तोक्ने गरी आजको बैठक स्थगित गर्ने निर्णय गरियो। |
| २ | २०८०/६/१५ | १.शिक्षा, स्वास्थ्य तथा कृषि समितिको कार्य सञ्चालन कार्यविधि, २०८० को प्रारम्भिक मस्यौदा उपर छलफल गरी कार्यविधिको मस्यौदा परिमार्जनको छलफल गरियो।<br>२.कार्यविधिको मस्यौदा परिमार्जनको लागि कार्यविधि मस्यौदा तर्जुमा |

| बैठक संख्या | मिति | समितिले गरेका कार्यहरू/ निर्णयहरू |
|---|---|---|
| | | टिममा निम्न सदस्यहरू रहने गरी निर्णय गरियोः<br>१ मा. मिना पराजुली पोखरेल- जेष्ठ सदस्य<br>२ मा. लक्ष्मी घिमिरे- सदस्य<br>३ मा. एकालाल श्रेष्ठ- सदस्य<br>४ मा. सृजना सायजु- सदस्य<br>५ मा. वसन्त प्रसाद मानन्धर- सदस्य<br>६ मा. श्रीराम लामिछाने -सदस्य<br>७ मा शुष्पा भुजेल न्यौपाने- सदस्य<br>८ श्री हरिप्रसाद अधिकारी- सदस्य सचिव<br>३. कार्यविधि मस्यौदा तर्जुमा टिमले कार्यविधि माथि छलफल गरि समितिको अर्को बैठकमा कार्यविधि तयार गरी समितिमा पेश गर्ने निर्णय गरियो। |
| ३ | २०८०/६/१६ | १. मिति २०८०/६/१५ गतेमा गठित शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गठन गरेको कार्यविधि, २०८० को मस्यौदा कार्यदलले तयार गरेको मस्यौदा उपर दफावार छलफल हुदा उक्त कार्यविधि सर्वसम्मत रुपमा पारित गर्ने निर्णय भयो।<br>२. कार्यविधि मस्यौदा तयारी कार्यदललाई समितिबाट धन्यवाद दिने निर्णय भयो। |
| ४ | २०८०/६/१६ | १. यस समितिमा प्राप्त भएको प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक, २०८० माथि समितिमा छलफल गरियो।<br>२. उक्त विधेयक माथि कृषि तथा पशुपन्छि विकाश मन्त्रालयका माननीय मन्त्री, संशोधनकर्ता माननीय तथा सोही मन्त्रलयका सचिवज्यूको उपस्थिति भई विधेयक माथिको संशोधनकर्ता माननीय प्रेम बहादुर पुलामी र माननीय रत्न प्रसाद ढकालज्यूले आ-आफ्नो संशोधन समितिमा प्रस्तुत गर्नु भयो र माननीय मन्त्रीज्यूले सोको जवाफ दिने कार्य गर्नु भयो।<br>३. समितिको आगामी बैठकमा विधेयक माथि संशोधनकर्ता, समितिका सदस्य र मन्त्रालयबीच दफावार छलफल गर्ने निर्णय गरियो। |
| ५ | २०८०/०६/१८ | १. यस समितिमा प्राप्त भएको प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक, २०८० माथि समितिमा दफावार छलफल प्रारम्भ गरियो। |

| बैठक संख्या | मिति | समितिले गरेका कार्यहरू/ निणर्यहरू |
|---|---|---|
| ६ | २०८०/०६/२१ | १.यस समितिमा प्राप्त भएको प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक, २०८० माथि समितिमा प्रस्तावना देखि दफा ७ सम्म दफावार छलफल गरियो। साथै दफावार छलफलबाट भएको संशोधन प्रतिवेदनमा समावेस गर्ने निर्णय गरियो। |
| ७ | २०८०/०६/२२ | १.यस समितिमा प्राप्त भएको प्रदेश स्वास्थ्य सेवा ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि समितिमा दफावार छलफल प्रारम्भ गरियो।<br>२.समितिको आगामी बैठक मिति २०८०/०६/२२ गते दिनको २:०० बजे बसी प्रदेश स्वास्थ्य सेवा ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि दफावार छलफल गर्ने निर्णय गरियो। |
| ८ | २०८०/०६/२२ | १.प्रदेश स्वास्थ्य सेवा ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि समितिमा प्रस्तावना देखि दफा १४ सम्म दफावार छलफल गरियो।<br>२.समितिको आगामी बैठक मिति २०८०/०६/२३ गते बिहान ७:०० बजे बसी कृषि विकास सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक, २०८० माथि दफावार छलफल गर्ने निर्णय गरियो। |
| ९ | २०८०/०६/२३ | १.कृषि विकास सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक, २०८० माथि दफावार छलफल सम्पन्न गरियो।<br>२.कृषि विकास सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक, २०८० को प्रतिवेदन तयार गरी समितिको आगामी बैठकमा पेश गर्न समिति सचिवालयलाई जिम्मेवारी दिने निर्णय गरियो। |
| १० | २०८०/०९/१७ | १.समितिमा प्राप्त भएको विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० माथि समितिमा छलफल गरियो।<br>२.समितिको आगामी बैठक मिति २०८० पौष १८ गते विधेयक माथि संशोधनकर्ता, समितिका सदस्य र मन्त्रालयबीच छलफल गर्ने निर्णय गरियो। |
| ११ | २०८०/०९/१८ | १.समितिमा प्राप्त भएको विधेयक विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० माथि समितिका सदस्यज्यूहरु, सामाजिक विकास मन्त्री, मन्त्रालयका प्रतिनिधि कर्मचारी, संशोधनकर्ता माननीय प्रेम बहादुर पुलामीज्यू को उपस्थितिमा संशोधनकर्ता माननीयज्यूले विधेयकमाथि आफ्नो संशोधन समितिमा प्रस्तुत गर्नु भयो र माननीय मन्त्रीज्यू र मन्त्रालयका कर्मचारीहरुले सोको जवाफ दिने कार्य गर्नु भयो। |

| बैठक संख्या | मिति | समितिले गरेका कार्यहरू/ निणर्यहरू |
| --- | --- | --- |
| १२ | २०८०/११/१६ | १. विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक(यसपछि विधेयक भनिएको) को दफा ६ को उपदफा (१) को खण्ड(घ) हटाउने।<br>२. विधेयकको दफा ६ को उपदफा (१) को खण्ड (ङ) मा रहेको "अध्यक्षबाट मनोनित एक जना महिला सहित चार जना विज्ञ सदस्यहरु" भन्ने शब्दहरुको सट्टामा "अध्यक्षबाट मनोनित दुई जना महिला सहित ५ जना विज्ञ सदस्यहरु" भन्ने शब्दहरु राख्ने।<br>३. विधेयकको दफा ६ को उपदफा (२) मा रहेका "कम्तीमा स्नातकोत्तर गरी १० वर्ष" भन्ने शब्दहरुको सट्टा "पि.एच.डि गरी ५ वर्ष" भन्ने शब्दहरु राख्ने।<br>४. विधेयकको दफा ८ को उपदफा (३) मा रहेका "र छुट्टै मासिक तलब भने पाउने छैन" भन्ने शब्दहरु झिक्ने ।<br>५. विधेयकको दफा ९ को उपदफा (२) मा रहेका "निजको अनुपस्थितिमा" भन्ने शब्दहरु पछिको "उपाध्यक्ष र निज समेत अनुपस्थित रहेको अवस्थामा" भन्ने शब्दहरुलाई झिक्ने ।<br>६. विधेयकको दफा १० मा देहायको खण्ड (ग) थप गर्ने र खण्ड क्रम मिलाउने,<br>"वैज्ञानिक खोज अनुसन्धानको प्रदर्शनी र सम्मेलन गरी नवप्रवर्तन र अविष्कारको विकास गरी प्रदेशको समृद्धिमा टेवा पुऱ्याउने"।<br>७. विधेयकको दफा १० को खण्ड (ङ) हटाउने।<br>८. विधेयकको दफा १६ को सट्टा देहायको दफा १६ राख्ने,<br>"१६.निर्देशक समितिः (१) निर्देशक समितिको गठन देहाय बमोजिम हुनेछः-<br>(क) मुख्यमन्त्री — अध्यक्ष<br>(ख) विज्ञान तथा प्रविधि हेर्ने मन्त्री — सदस्य<br>(ग) आर्थिक मामिला तथा योजना मन्त्री — सदस्य<br>(घ) मुख्यमन्त्रीले तोकेका मन्त्रीहरु तीन जना — सदस्य<br>(ङ) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग — सदस्य<br>(च) प्रमुख सचिव — सदस्य<br>(छ) सचिव, विज्ञान तथा प्रविधि हेर्ने — सदस्य- सचिव |

| बैठक संख्या | मिति | समितिले गरेका कार्यहरू/ निणर्यहरू |
|---|---|---|
| | | (२) समितिले आवश्यकता अनुसार सञ्चालक समितिमा रहेका विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।"<br>९. विधेयकको दफा १७ को सट्टा देहायको दफा १७ राख्ने,-<br>"१७. निर्देशक समितिको काम र कर्तव्यः निर्देशक समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछः-<br>(क) प्रदेश सरकारबाट हुने खोज, अध्ययन, अनुसन्धान, नवप्रवर्तन र स्टार्टअपका कार्यक्रमहरु कोष मार्फत सञ्चालन गर्न नितीगत निर्देशन दिने।<br>(ख) विज्ञान, प्रविधि, अनुसन्धान र नवप्रवर्तन सम्बन्धी नीति तथा रणनीति स्वीकृत गर्ने र लागु गर्न निर्देशन दिने।<br>(ग) अन्य समसामयिक विषयमा कार्य गर्न कोष सञ्चालक समितिलाई निर्देशन दिने।"<br>१०.विधेयकको दफा १८ को उपदफा (१) मा रहेका "बस्न सक्नेछ " भन्ने शब्दहरुको सट्टा "बस्नेछ" भन्ने शब्द राख्ने।<br>११. विधेयकको दफा १८ को उपदफा (२) हटाइ खण्डक्रम मिलाउने।<br>विधेयकको दफा १८ को उपदफा (३) मा रहेको "समितिको अध्यक्षले" भन्ने शब्दहरुको सट्टा "समितिले" भन्ने शब्द राख्ने। |
| १३ | २०८०/११/१७ | १. समितिमा प्राप्त भएको विधेयक प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०८० मा स्वास्थ्य मन्त्रालय, समितिका सदस्यहरु र संशोधनकर्ताहरु बिच छलफल गरियो। |
| १४ | ----- | -------- |
| १५ | २०८१/०२/०५ | १. बागमती प्रदेश सभाका माननीय सभामुख श्री भुवन कुमार पाठकज्यूले शिक्षा, स्वास्थ्य तथा कृषि समितिको सभापति पदको निर्वाचनका लागि निर्धारण गर्नुभएको भएको मिति, समय र स्थान बमोजिम प्रदेश सभा सचिवालय र समिति सचिवालयमा ने.क.पा.(माओवादी केन्द्र) दलका माननीय इश्वर सापकोटाको प्रस्तावमा र ने.क.पा.(माओवादी केन्द्र) दलका माननीय शुष्पा भुजेल न्यौपानेको समर्थनमा, ने.क.पा.(माओवादी केन्द्र) दलका माननीय ठाकुर प्रसाद ढकालले मिति २०८१/०२/०४ गते निर्धारित समयावधिभित्र उम्मेदवारी दर्ता गराउनु भएको थियो।आज मिति २०८१ जेठ ५ गते शनिबार दिनको ३:३० बजे बसेको समितिको १५ औं बैठकमा प्रस्तावक र समर्थकले प्रस्ताव पेश गर्नुभएकोले |

| बैठक संख्या | मिति | समितिले गरेका कार्यहरू/ निणर्यहरू |
|---|---|---|
| | | मानननीय ठाकुर प्रसाद ढकाल यस समितिको सभापति पदमा सर्वसम्मत निर्वाचित हुनुभयो।<br><br>२. यस समितिको सभापति पदमा निर्वाचित माननीय ठाकुर प्रसाद ढकालज्यूलाई हार्दिक बधाई तथा सफल कार्यकालको सुभकामना दिने निर्णय पारित गरियो। |
| १६ | २०८०/०२/२१ | १. यस समितिका जेष्ठ सदस्य माननीय मिना पराजुली पोखरेलले समिति गठन भएको बखतदेखि सभापति पदमा माननीय ठाकुर प्रसाद ढकाल निर्वाचित हुनु पूर्वसम्म समितिको १३ वटा बैठक र माननीय रघुनाथ महर्जनले १ वटा बैठकमा सभापतिको रुपमा भुमिका निर्वाह गरी महत्वपूर्ण योगदान पुऱ्याएकोमा समितिले हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय पारित गरियो।<br><br>२. आर्थिक वर्ष २०८०/०८१ को शिक्षा, स्वास्थ्य तथा कृषि समितिको वार्षिक प्रतिवेदन, बागमती प्रदेशको बजेट सभाको बैठकमा प्रस्तुत हुनुपूर्व सभामा पेश गर्ने प्रयोजनार्थ प्रतिवेदनको मस्यौदा तयारी गर्न देहाय बमोजिमका सदस्यहरु रहने गरी "एक वार्षिक प्रतिवेदन मस्यौदा" उपसमिति गठन गर्ने निर्णय गरियो।<br>**देहायः**<br>माननीय गिता गुरुङ्ग............................................संयोजक<br>माननीय इश्वर सापकोटा........................................ सदस्य<br>माननीय रामकुमार पहाडी .................................... सदस्य<br>माननीय सुनिल के.सी .......................................... सदस्य<br>माननीय हरि प्रसाद सापकोटा.................................. सदस्य |
| १७ | २०८०/०२/२२ | १. विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० मा समितिले प्रतिवेदनमा देहाय अनुसार समावेश गर्ने निर्णय गरियोः-<br>क) विधेयकको दफा ६ को उपदफा (१) को खण्ड (ङ) मा रहेको "अध्यक्षबाट मनोनित एक जना महिला सहित चार जना विज्ञ सदस्यहरु" भन्ने शब्दहरुको सट्टामा "अध्यक्षबाट मनोनित एक जना महिला सहित तीन जना विज्ञ सदस्यहरु" भन्ने शब्दहरु राख्ने।<br>ख) विधेयकको दफा ६ को उपदफा (१) |

## २.५ समितिको निर्णय / निर्देशनहरुको कार्यान्वयनको अवस्थाः:-

प्रदेश सरकारको सांगठनिक संरचना गठन प्रक्रियामा भएको ढिलासुस्ती र समायोजनका कारण आवश्यक जनशक्ति अभाव, लामो समयसम्म मन्त्री चयन हुन नसक्नु थोरै जनशक्तिले कार्यालय चलाउन पर्ने आदि विविध कारणले गर्दा समितिले निर्देशन, राय वा सल्लाह दिएका विषयहरुमा सम्बन्धित सरोकारवाला निकायहरुले पूर्णरुपमा कार्यान्वयन गरेको छ भनेर भन्न सकिने अवस्था छैन।

# परिच्छेद ३

# निश्कर्ष र सुझाव

## ३.१ निश्कर्ष

समितिले प्रदेशको समग्र शिक्षा, स्वास्थ्य, कृषिसँग सम्बन्धित विषयहरुमा र विधेयकको दफावार छलफलमा वा अन्य अवस्थामा समितिको बैठकमा पटक-पटक गहन छलफल चलाएको छ। शिक्षा, स्वास्थ्य तथा कृषिको समग्र विकासले नै प्रदेशको मानवीय विकास, आर्थिक विकास, सांस्कृतिक, सामाजिक विकास लोकतन्त्रको विकासलाई स्थायित्व प्रदान गर्दछ। तसर्थ सम्वन्धित निकायहरुले योजना तर्जुमादेखि कार्यान्वयनको चरणसम्म विशेष ध्यान दिनु पर्दछ। राज्यका सबै निकायहरु बीचको सहकार्य र समन्वयबाट मात्र सम्वृद्धि हासिल गर्न सकिन्छ।

बागमती प्रदेशको समग्र शिक्षा, स्वास्थ्य, कृषिको योजना तथा कार्यक्रमहरुको छनौट समानुपातिक वितरण प्रणालीका माध्यमबाट गर्नु उचित देखिन्छ योजना छनौट प्रक्रिया Bottom to Top Apporach का माध्यमबाट गर्ने परिपाटीको शुरुवात गर्नु पर्दछ। प्रदेश सरकारको भूमिकालाई प्रत्यक्ष देखिने, सुनिने र महसूस हुने गरी प्रदेश गौरबका योजनाहरुलाई प्राथमिकता दिइनु पर्दछ। सरकारका तीनै तह बीचको आपसी समन्वय, सहअस्तित्व र सहकार्यबाट मात्र सम्वृद्ध नेपाल निर्माण गर्न सकिने हुँदा संविधान प्रदत्त एकल तथा साझा अधिकारका क्षेत्रहरुलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नु पर्दछ। आन्तरिक स्रोत परिचालनलाई पारदर्शी बनाउन प्रदेश सरकार र स्थानीय सरकार वीचको कर तथा राजस्व बाडफाँडलाई

व्यवस्थित बनाइनु पर्दछ। प्रदेश सरकार मार्फत स्थानीय सरकारलाई जाने सबै प्रकारका अनुदानहरुको वितरण तथा कार्यान्वयन पक्षलाई प्रदेश तहको उपस्थिति प्रत्यक्षरुपमा अनुभूत हुने गरी लागू गर्ने व्यवस्था अवलम्बन गरिनु पर्दछ।

मानिसलाई नभइ नहुने आधारभूत आवश्यकता भनेको गाँस, वास र कपास नै हो। नेपालको संविधानले सबै नागरिकलाई खाद्य र खाद्य सम्प्रभुत्ताको हक प्रदान गरेको छ। नागरीकको उक्त हकको सुरक्षा गर्न खाद्यान्न उत्पादन बढाई देशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन सक्नु पर्छ। खाद्यान्न तथा अन्य कृषि उत्पादनको लागि प्राकृतिक स्रोतको रुपमा रहेको कृषियोग्य भूमिको संरक्षण र सम्वर्द्धन गर्नु जरुरी छ। अहिले राम्रा राम्रा समथर उब्जाउ कृषि योग्य भूमि आवाश क्षेत्र र अन्य भौतिक पूर्वाधार योजनाको विस्तारले क्षयीकरण भइरहेको छ यो कार्यलाई तत्कालै नरोक्ने हो भने हामी खाद्यान्नमा पूर्ण रुपले परनिर्भर हुनेछौं। अरु कसैको कारणले नभई हामी आफैंले सिर्जित समस्याले भावि सन्ततिले अझ बढी समस्या भोग्नेछ।

वार्षिक बजेटमा सम्वोधन भएका शिक्षा, स्वास्थ्य, कृषि सम्वन्धी आयोजना तथा कार्यक्रमको लागि अख्तियारी आर्थिक वर्षको शुरु महिनामा नै सम्बन्धित निकायहरुमा पुग्न र समयमै नै बोलपत्र प्रक्रिया सम्पन्न गर्ने व्यवस्थालाई कडाईका साथ लागू गर्नु पर्दछ। सार्वजनिक खरिद ऐनमा उल्लेख भएको न्यूनतम रकम बोलपत्र सकार्ने व्यवस्था अन्त्य गरी गुणस्तरीय निर्णयको लागि उचित व्यवस्था अवलम्बन गर्न कानूनी व्यवस्था मिलाईनु पर्दछ। प्रदेश सरकारले पचास लाखसम्मका योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गर्न सकिने व्यवस्थालाई खुकुलो बनाई सार्वजनिक खरिद ऐनमा व्यवस्था भए अनुसार योजनाको प्रकृतिलाई हेरी रु एक करोडसम्मका योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न सकिने व्यवस्था मिलाउनु उपयुक्त हुन्छ।रु एक करोड भन्दा माथिका योजनाहरुलाई विस्तृत अध्ययन प्रतिवेदन DPR को व्यवस्था गरी बहुवर्षीय बजेटको व्यवस्था गरिनु पर्दछ।उपभोक्ता समिति मार्फत हुने कार्यहरुलाई पारदर्शि, जवाफदेही र

सुशासनयुक्त बनाउन अनुगमन प्रणाली र सार्वजनिक लेखा परीक्षण (Public Audit) लाई अनिवार्य गरिनु पर्दछ।

## ३.२ सुझावहरुः

- शिक्षामा सबै नागरिकको सरल किसिमले विना भेदभाव पहुंच हुने नीति अवलम्वन गरिनु पर्दछ। व्यावसायिक शिक्षा प्रणालीमा जोड दिनु पर्दछ।शिक्षकहरुलाई तालिम दिई सरकारी, सामुदायिक विद्यालयको गुणस्तर अभिबृद्धि गर्न विद्यालय प्रशासनसंग अभिभावकसंगको अन्तर्क्रियालाई जोड दिइनु पर्दछ।
- प्रदेशमा सरकारी विद्यालयको गुणस्तरमा सुधार गरिनु जरुरी देखिन्छ।प्राविधिक विद्यालय, विश्व विद्यालय खोलिनु पर्दछ।
- रासायनिक मलको कारखाना देशमै खोल्न प्रदेश सरकारले पहलकदमि लिन पर्ने।
- देशैभरी खुलेका अधिकांश सहकारीहरु उत्पादन क्षेत्रमा केन्द्रित नभै बचत तथा ॠृणको कारोबारमा मात्र अग्रसर छन्। यसलाई नियमन, नियन्त्रण र कानूनको दायराभित्र ल्याउनु पर्दछ र सहकारीलाई कृषि तथा अन्य सामुहिक लाभ हुने कार्यमा अग्रसर गराउनु पर्दछ साथै सहकारीहरुवीच एकिकरण गराउन सहजिकरण र प्रोत्साहित गर्न जरुरी देखिन्छ।
- किसानहरुलाई सहुलियत ऋण उपलव्ध गराउन राष्ट्रिय सहकारी बैंक र बचत तथा ऋण सहकारी संस्थासंग आवश्यक समन्वय गरेर संभावना भएसम्म कारोवार गर्ने वातावरण वनाउनु पर्ने।
- विकास निर्माणका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा माननीय सांसदहरुको भूमिकालाई प्रभावकारी बनाउने गरी प्रदेश सरकारको नीति हुनु पर्ने।
- जनताको दैनिक जीवनसंग प्रत्यक्ष वा परोक्ष रुपमा सरोकार राख्ने विषयहरुको उठान, नियमन, ध्यानाकर्षण र समाधानमा समितिले समन्वयात्मक र सहयोगात्मक भूमिका खेल्नु पर्दछ।

- नेपालको रैथाने जातको बिउ विजन लोपोन्मुख अवस्थामा पुगिसकेको अवस्थालाई मनन गर्दै प्रदेश सरकारले यस्तो रैथाने वीउ विजनको बैंक खोल्ने र कृषि गर्ने समय समेत भएकोले समयमै विउ विजन मल पाउने सुनिश्चिता गर्नु पर्ने।
- किसानहरुको सजिलै पहुंच हुने गरी कृषि, पशुपालन आदिमा देखिएका विभिन्न समस्या, त्यसको निदान उपचार तथा नयाँ नयाँ प्रविधि एवं सल्लाह जानकारी उपलव्ध गराउने उद्देश्यले कृषि सूचना केन्द्र स्थापना गर्नु पर्ने।
- सिंचाई विना कृषि असम्भव प्राय भएकोले सम्भव भएसम्मको ठाउँमा विभिन्न प्रविधिवाट सिंचाइको सुविधा पु¥याउनु पर्ने।
- समूह वा सहकारी मार्फत कृषिमा चक्लावन्दि गरी सामूहिक खेती गर्ने, कृषि पेशा व्यावसायिक बनाउने, यान्त्रिकीकरण गर्ने कार्यलाई प्रोत्साहन हुने किसिमले र कृषकको उत्पादन नबिकेमा सरकारले समर्थन मूल्य तोकि खरीद गर्ने, ग्रिन हाउस, टनेल, चिस्यान केन्द्र बनाउने सम्वन्धी नीति प्रदेश सरकारको हुन पर्ने।
- कृषि तथा पशुपालनमा दिंदै आएको अनुदानको सहि सदुपयोग नभएको गुनासोलाई विचार गरी उत्पादनको आधारमा अनुदान दिने बैज्ञानिक व्यवस्था अपनाउने वा अनुदानको सट्टामा विना धितो वा धितो राखी स्थानीय तहको सिफारिशमा अनुदानको रकम हेरेर थोरै व्याजमा अनुदान दिने व्यवस्था मिलाउन पर्ने।
- हावा, पानी र माटो सुहाउँदो एक पालिका एक उत्पादन, तरकारीमा आत्मनिर्भर हुने तथा निषेधाज्ञाका कारण कृषकका तरकारी, दुधले बजार नपाइरहेको समस्याहरुलाई समाधान हुने कार्यक्रम ल्याउनु पर्ने
- संघ र स्थानीय तहसंग समन्वय गरी प्रदेशको कृषि नीति हुन पर्ने।
- अधिकांश जिल्ला अस्पताल, स्वास्थ्य चौकी तथा केन्द्रहरुमा दरवन्दि रिक्त भएकोले छिटो छरितो तरिकाले पदपूर्ति गर्न केन्द्रको स्वास्थ्य मन्त्रालयसंग समन्वय गर्नु पर्ने।

- जिल्ला अस्पतालहरुमा अधिकांश विषयका विज्ञहरुको दरवन्दि रिक्त रहेकोले यथाशक्य चाँडो पदपूर्ति गर्नुपर्ने।
- एक स्थानीय तह एक अस्पतालको अवधारणा ल्याउन पर्ने।
- सबै नागरीकको स्वास्थ्यमा पहुंच पुऱ्याउने गरी नीति बनाउनु पर्ने र जिल्ला अस्पतालहरुमा पाउन पर्ने न्युनतम सेवाहरु उपलव्ध गराउन ल्याव, एक्स रे, भिडियो एक्स रे, प्रसुति तथा शल्य चिकित्सा सेवा उपलव्ध गराउने व्यवस्था हुन पर्ने।
- जिल्ला स्वास्थ्य कार्यालयहरुको स्पष्ट कार्य विवरण तोकिनु पर्ने, जिल्ला स्वास्थ्य कार्यालयहरुले स्थानीय निकायका तथा जिल्ला भरिका स्वास्थ्य संस्थाहरुसंग समन्वय गर्न, निजी स्वास्थ्य क्लिनिक, औषधी पसल, नर्सिङ्ग होमहरुको अनुगमन तथा कारवाही तथा एक स्वास्थ्य चौकिवाट अर्को स्वास्थ्य चौकिमा सरुवा काज गर्न सक्ने गरी अधिकार प्राप्त निकाय बनाउन पर्ने।
- जिल्ला आयुर्वेद औषधालयहरुको कार्यक्रममा बृद्धि गरि आयुर्वेद सम्वन्धी जनचेतना फैलाउन पर्ने।
- जडिबुटि उत्पादन तथा योगामा विशेष जोड दिन पर्ने।
- कृषि ज्ञान केन्द्र र भेटरनरी अस्पताल पशु सेवा विज्ञ केन्द्रलाई नाम अनुसारको कामकाज गर्ने कार्यालयको रुपमा परिणत गर्न कार्यालयको कार्य विवरण बनाइ विभिन्न विषयका विज्ञ तथा आवश्यक प्रयोगशालाहरुको स्थापना गरी सेवा संचालन गर्नु पर्ने।
- पशुपालन तथा खेती गर्ने किसानहरुलाई दिने अनुदान उत्पादनको आधारमा दिने बैज्ञानिक व्यवस्था गर्नु पर्ने।
- अनुदान दिने व्यवस्था कम गर्दै लैजाने र अनुदानको सट्टा बिभिन्न बैंकहरुवाट सस्तो व्याजदर वा निर्ब्याजमा विना झन्झट ऋण उपलव्ध गराउने व्यवस्था गर्ने।
- साना किसानहरुलाई निर्व्याज रु १० लाख सम्म, मझौला किसानहरुलाई २० लाख सम्म र ठूला किसानहरुलाई २० लाख भन्दा माथि केही प्रतिशत व्याज लिएर सरकारी बैंकहरुवाट ऋण दिने व्यवस्था मिलाउने।

- माग बमोजिम अनुदान लिएर अनुदानको सदुपयोग गरे नगरेको सम्वन्धमा अनुगमन गरी अनुदानको दुरुपयोग गर्ने किसानहरुलाई अनुदान रकम भराइ सो किसानहरुलाई कालो सूचीमा राख्ने व्यवस्था मिलाउनु पर्ने।
- केन्द्रहरुमा संचालन गरिने कार्यक्रम निर्देशनालयवाट जाने भएकोले कार्यक्रम तथा अख्तियारी समयमै पुग्ने व्यवस्था मिलाउन पर्ने।
- हाम्रो प्रदेशमा हामी कृषि अन्तर्गत के के मा आत्मनिर्भर हुन सक्छौ त्यसको स्पष्ट नीति बनाइ कार्यान्वयनमा जानु पर्ने।
- विचौरिया न्युनिकरणको लागि उत्पादकलाई उपभोक्ताको वीचमा जोड्ने माध्यम सहकारीलाई बनाउन पर्ने।
- प्राङ्गरिक मल, बिउ विजन, कृषि औजार तथा किटनाशक औषधी उत्पादन र विक्रि वितरणमा सहकारीलाई पनि जोड्नु पर्ने।
- शहरहरुमा सुरु गरिएको कौशी तरकारी खेतीलाई निरन्तरता दिँदै High Tech. प्रविधिलाई प्रोत्साहन गरिनु पर्ने।
- अनवरत रुपमा कृषिमा लागेर उत्कृष्ट काम गरेका किसानहरुलाई प्रोत्साहन स्वरुप सम्मानको व्यवस्था मिलाउनु पर्ने।
- महिला तथा बालबालिकाहरुमाथि हुने जघन्य अपराध तथा बलात्कारका घट्नाहरुबाट पिडित महिला तथा बालबालिकाको संरक्षणमा विशेष ध्यान दिनु पर्ने।
- कार्यक्रम कार्यान्वयनमा पूंजीगत खर्चको अनुपात बढाउन मन्त्रालयले ध्यान दिनु पर्ने।

# अनुसूचीहरुः

## अनुसूची-१

### समितिका माननीय सदस्यहरुको नामावली

| क्र.सं. | नाम थर | पद | राजनीतिक दल |
|---|---|---|---|
| १. | मा. श्री ठाकुर प्रसाद ढकाल | सभापति | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| २. | मा. श्री इश्वर सापकोटा | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| ३. | मा. श्री उत्तम जोशी | सदस्य | नेपाली काँग्रेस |
| ४. | मा. श्री उर्मिला कुमारी लामा | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| ५. | मा. श्री गिता गुरुङ्ग | सदस्य | नेपाली काँग्रेस |
| ६. | मा. श्री छेत्रबहादुर बम्जन | सदस्य | नेपाली काँग्रेस |
| ७. | मा. श्री तिर्थ बहादुर लामा | सदस्य | नेपाली काँग्रेस |
| ८. | मा. श्री बिन्दु श्रेष्ठ | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ९. | मा. श्री मिना पराजुली पोखरेल | सदस्य | नेपाली काँग्रेस |
| १०. | मा. श्री रघुनाथ महर्जन | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ११. | मा. श्री राजु विष्ट | सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| १२. | मा. श्री रामकुमार पहाडी | सदस्य | नेपाली काँग्रेस |
| १३. | मा. शकुन्तला श्रेष्ठ | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| १४. | मा. श्री शुष्पा भुजेल न्यौपाने | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| १५. | मा. श्री समिता खड्गी | सदस्य | नेपाली काँग्रेस |
| १६. | मा. श्री सुनिल के.सी. | सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| १७. | मा. श्री सुरेश श्रेष्ठ | सदस्य | नेपाली काँग्रेस |
| १८. | मा. श्री सृजना सायजु | सदस्य | नेपाल मजदुर किसान पार्टी |
| १९. | मा. श्री हरि प्रसाद सापकोटा | सदस्य | पाल कम्युनिष्ट पार्टी (एमाले) |

**पदेन सदस्य**

| क्र.सं. | नाम थर | पद | राजनीतिक दल |
|---|---|---|---|
| १. | मा. श्री कुमारी मोक्तान | मन्त्री | सामाजिक विकास मन्त्रालय |
| २. | मा. श्री रामेश्वर श्रेष्ठ | मन्त्री | सवास्थ्य मन्त्रालय |
| ३. | मा. डा. श्री राजेन्द्रमान श्रेष्ठ | मन्त्री | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |

## अनुसूची-२

## समितिबाट भएका निर्णयहरु

## समितिको सचिवालयमा कार्यरत कर्मचारी विवरण

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १. | श्री हिमा न्यौपाने | अधिकृत सातौं |
| २. | श्री सरिता ढकाल | कम्प्युटर अपरेटर (पाँचौं) |
| ३. | श्री सुशान्त महत | माइक अपरेटर (पाँचौं) |
| ४. | श्री प्रतिक लोहनी | कम्प्युटर अपरेटर |
| ५. | श्री सुनिता दाहाल | सहयोगी कर्मचारी |
| ६. | श्री निर्मलामाया वाईवा | सहयोगी कर्मचारी |

# अनुसूची-३

## समितिका सदस्यहरुको बैठकमा सहभागिता

**कूल बैठक संख्याः- १८**

| सि.नं. | बैठक संख्या | मिति | उपस्थित | कैफियत |
|---|---|---|---|---|
| १. | १ | २०८०/०५/१९ | १९ | |
| २. | २ | २०८०/०६/१५ | १९ | |
| ३. | ३ | २०८०/०६/१६ | २० | |
| ४. | ४ | २०८०/०६/१६ | १८ | |
| ५. | ५ | २०८०/०६/१८ | १४ | |
| ६. | ६ | २०८०/०६/२१ | १५ | |
| ७. | ७ | २०८०/०६/२२ | १८ | |
| ८. | ८ | २०८०/०६/२२ | १८ | |
| ९. | ९ | २०८०/०६/२३ | १२ | |
| १०. | १० | २०८०/०९/१७ | १४ | |
| ११. | ११ | २०८०/०९/१८ | १३ | |
| १२. | १२ | २०८०/११/१६ | १६ | |
| १३. | १३ | २०८०/११/१७ | १६ | |
| १४. | १४ | २०८१/०१/२७ | ----------- | -------------------- |
| १५. | १५ | २०८१/०२/०५ | १३ | |
| १६. | १६ | २०८१/०२/२१ | १३ | |
| १७. | १७ | २०८१/०२/२२ | १५ | |
| १८. | १८ | २०८१/०२/२३ | ------- | ------- |
| १९. | १९ | २०८१/०२/३१ | …… | ……… |
| | | | | |
| | | | | |

# अनुसूची-४
# समितिबाट पारित विधेयकका प्रतिवेदनहरु

# अनुसूची-५

## स्थलगत निरीक्षण तथा अनुगमन प्रतिवेदनहरु

# अनुसूची-६

## विधेयकको मस्यौदा उपर अन्तरक्रिया कार्यक्रमका तस्बिरहरु




**विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोषको संचालन, व्यवस्थापन/नियमन सम्बन्धी विधेयक,२०८०**





विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोषको संचालन, व्यवस्थापन/नियमन सम्बन्धी विधेयक,२०८०






**प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०८०**





प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०८०




◆